## मिति २०७६ साल श्रावण ०१ गतेका दिन भएको ६२ औं कार्यपालिका बैठकको निर्णयहरु

### निर्णय नं. १

गत आ.ब. २०७५/०७६ का लागि स्वीकृत निम्न आयोजना तथा कार्यक्रम विविध कारणले गर्दा असार मसान्त सम्म सम्पन्न हुन नसकेका तर बर्तमानमा निर्माण कार्य जारी रहेका योजनाहरुलाई यसपछि अर्को पटक म्याद नथप्ने गरि योजनाको प्रकृति हेरि बढीमा २०७६ आश्विन मसान्त सम्म कार्यालयले म्याद थप गर्ने गरि चालू आ.ब. २०७६/०७७ मा यी आयोजनाहरु क्रमागत गराउने । साथै यस पटक थप गरिएको अवधिमा समेत कार्यसम्पन्न नगर्ने उपभोक्ता समिति / निर्माण ब्यवसायी फर्मको सम्झौता रद्द गर्ने ।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | स्वीकृत बजेट | बजेट श्रोत | भौतिक प्रगति% | रकम भुक्तानी | भुक्तानी बांकी |
|---|---|---|---|---|---|---|---|
| १ | पक्की नाला निर्माण | १ | १४३३००० | वडा गौरव | ८०% | | १४३३००० |
| २ | Land fill site पहुंच मार्ग | १ | १७७३९७० | नगर स्तरीय योजना | ६०% | १०३२१८२ | ७४१७८८ |
| ३ | वडा नं. ३ का विभिन्न सडकहरुमा ग्राभेल | ३ | १०००००० | वडा | ८०% | | १०००००० |
| ४ | अपांङ्ग मैत्री शौचालय निर्माण(हरिडिलभूमी स्कूल) | ३ | ७००००० | वडा | | | ७००००० |
| ५ | प्रदेश अस्पताल देखि पश्चिम तर्फको सडक नाला निर्माण(वडा गौरवको योजना) | ४ | ८८९७७० | वडा | ३०% | | ८८९७७० |
| ६ | श्रीनगर र पञ्चकोशी टोल कालोपत्रे | ५ | २०००००० | न.पा. | ९०% | | २०००००० |
| ७ | बडा गौरव योजना | ५ | २०९६२१६.९ | न.पा. | ४५% | ९३११५६. | ११६५०६०.९ |
| ८ | खानेपानी सहज पहुंच कार्यक्रम | ६ | ७००००० | वडा | | | ७००००० |
| ९ | ताराभाँडा पसल देखि पश्चिम तर्फको सडकमा नाला निर्माण | ६ | ३८८७५० | वडा | ५०% | | ३८८७५० |
| १० | डिप बोरिङ | ७ | ८००००० | वडा | | | ८००००० |
| ११ | १ घर २ विरुवा कार्यक्रम | ७ | २००००० | वडा | | | २००००० |
| १२ | वडा गौरवको योजना तुल ब. ठाडा-कृष्ण चन्द-घताने सुनार-पदम ब. बस्नेतको घर-याम ब. अधिकारी- ओम बस्नेतको घर सम्मको सडक कालोपत्रे | ७ | २५९५२५६.५० | वडा | ९०% | ११४५७८०.०० | १४४९४७६.५० |
| १३ | शहरी स्वास्थ्य केन्द्र भवन निर्माण | ८ | ३०००००० | प्रदेश सरकार र आन्तरिक | ८०% | १५००००० | १५००००० |
| १४ | वडा गौरवको सडक कालोपत्रे योजना (ठेक्का/उ.स.) | ८ | ३०००००० | वडा | ६०% | २६६१९३ | २७३३८०७ |
| १५ | वडामा बीउविजन, च्याउ खेती, टनेल, पशुपालन | ८ | २००००० | वडा | ८०% | १६०००० | ४०००० |
| १६ | View Tower निर्माण | ९ | ४००००० | वडा | २५% | | ४००००० |
| १७ | बामेखोला भेरी सडक ग्राभेल | १० | १५००००० | गतबर्ष न.पा | ८०% | | १५००००० |
| १८ | कृषि प्राविधिक शिक्षालय स्थापना र संचालन | १० | १०००००० | न.पा. | ९०% | | १०००००० |
| १९ | विभिन्न स्थानमा सडक ग्राभेल | १० | ३००००० | | | | ३००००० |
| २० | रत्न राजमार्ग गाग्रेताल नाला कटिङ, ग्राभेल | ११ | ११८७००० | वडा गौरव योजना | ४०% | | ११८७००० |
| २१ | बस्तीपुर सारुको घरदेखी देउतीबज्यै तटबन्दन | ११ | ५००००० | वडा स्तरीय | ७०% | | ५००००० |
| २२ | धुलियाविट सुब्बाकुना चौकेढुंगा चारकुने फायर लाइन | ११ | ५००००० | वडा स्तरीय | ९०% | | ५००००० |
| २३ | पूर्वाधार टुक्रे योजना | ११ | १५०००० | वडा स्तरीय | ९०% | | १५०००० |
| २४ | शिव मा.वि. धुलियाविट चर्पी निर्माण | ११ | ७००००० | नगर शिक्षा | ६०% | | ७००००० |
| २५ | वस्तीपुर चोक रातोपुल | ११ | २००००० | वडा स्तरीय | ५०% | | २००००० |
| २६ | गाग्रेताल सेडा नाला तथा विउरेनी प्रतिक्षालय निर्माण | ११ | १००००० | वडा स्तरीय | ५०% | | १००००० |

श्री IT शाखा website upload गर्नु।

**वीरेंन्द्रनगर कार्यपालिकाको**
**बैठक संख्या** ६२ **मिति** २०७६/०४/०१
**को निर्णय प्रमाणित।**

Scanned by CamScanner

**निर्णय नं. २**

यस नगरपालिकाको आ.ब. २०७५/०७६ मा विद्यालय पूर्वाधार तर्फका शसर्त अनुदान अन्तर्गतका विशेष शिक्षा र विद्यालय भौतिक पूर्वाधार तर्फका योजना तथा कार्यक्रमको बजेटका कार्यक्रम विद्यालयले २०७६ असोज मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी रकम निकासा दिई खातामा सो बराबरको रकम रोक्का गर्ने निर्णय नगर शिक्षा समितिबाट भई कार्यान्वयन भएकोमा सोको समर्थन गर्ने ।

**निर्णय नं. ३**

चालू आ.ब. २०७६/०७७ का लागि स्वीकृत आयोजनाहरु उपभोक्ता वा टेन्डर मार्फत कुन विधिबाट सचालन कहिले सम्म गर्ने हो सो का बारेमा स्पष्ट कार्यतालिका २०७६ श्रावण २५ गते भित्र नगरकार्यपालिकाको कार्यालयमा पठाउन सबै वडाहरुलाई पत्राचार गर्ने ।

**निर्णय नं. ४**

विभिन्न वडामा रहेका विपद ब्यवस्थापन समितिलाई क्रियाशिल गराउदै वर्षादका समयमा हुन सक्ने विपद्संग सामना गर्ने आवश्यक सामाग्रीहरु तन्दुरुस्त राख्न वडा समितिलाई पत्राचार गर्ने ।

**निर्णय नं. ५**

यस नगरपालिकाको लागि आ.ब. २०७६/०७७ को लागि मालपोतको न्यूनतम मूल्य निर्धारण पुस्तिका र आवश्यक समन्वय गरिदिने पत्रको बारेमा कार्यपालिका बैठकमा जानकारी गरियो ।

**निर्णय नं. ६**

वीरेन्द्रनगर नगरपालिकाद्वारा गत आ.ब. २०७५/०७६ मा संचालित योजना तथा कार्यक्रमका बारेमा बार्षिक समिक्षा र सार्वजनिक सुनुवाई निम्नानुसारको मितिमा गर्ने ।

**निम्न**

बार्षिक समिक्षा : २०७६ श्रावण २६ र २७ गते
सार्वजनिक सुनुवाई : २०७६ श्रावण ३० गते

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या.६२ मिति.२०७६/०४/०१
को निर्णय प्रमाणित।

Scanned by CamScanner